आज मिति २०७६ बैशाख २५ गते बुधबारको दिन बिहानको ७:३० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ७३ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| **क्र.सं** | **नाम, थर** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री लक्ष्मी भण्डारी | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १६. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १७. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १८. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| १९. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. उपसचिव (शिक्षा) रमेश सिंह थापा

२. वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी.

मिति २०७६/१/२३ गते नगर प्रमुखज्यूबाट मिति २०७६/१/२५ गते नगर कार्यपालिकाको ७३ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगरकार्यपालिका बाट निर्णयका लागी पेश भएका विषयहरु छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| | | | |
|---|---|---|---|
| १. | बुद्ध जयन्ती सम्बन्धमा । | | • मिति २०७६ जेष्ठ ४ गते पर्न गएको २५६३ औं बुद्ध जयन्तीलाई मनाउनका लागी चालु आ.ब.को नगरस्तरीय कार्यक्रमको क्र.सं. नं १५ को सम्पूर्ण जातजाति/धर्मावलम्विहरुको कार्यक्रम शीर्षकबाट रु. २ लाख विनियोजन गर्ने साथै नगरप्रमुखको संयोजकत्वमा नगरकार्यपालिका सदस्य, नगरसभा सदस्य, नागरिक समाजका प्रतिनिधि, बौद्धमार्गीहरु, सामाजिक संघसंस्था र टोल विकास समितिका प्रतिनिधिहरु सहितको १०१ जनाको सहितको बुद्ध जयन्ती कार्यक्रम मुल व्यवस्थापन समिति गठन गर्ने र उक्त कार्यको समन्वय गर्नका लागी द.न.पा.६ सुरेन्द्र मानन्धरलाई समन्वयकर्ता तोक्ने निर्णय गरियो । |
| २. | प्राचिन शिखरापुर नगरीलाई पहिचान दिने सम्बन्धमा । | | • ऐतिहासिक प्राचिन यस शिखरापुर नगरीलाई प्राचिन सभ्यता झल्काउने उदेश्यले यस नगरको लागी आवश्यक पर्ने डि.पि.आर. तयार गर्ने र उक्त कार्यका लागी आवश्यक बजेट परामर्शदाताबाट आर्थिक प्रस्ताव प्राप्त भएपछि आगामी कार्यपालिका बैठकबाट विनियोजन गर्ने । |
| ३. | डि.पि.आर. तयार गर्ने सम्बन्धमा । | | • यस दक्षिणकाली नगरपालिकाको महत्वपूर्ण योजना तथा कार्यक्रम संचालन गर्नका लागी व्यवस्थित ढंगबाट योजना संचालन तथा श्रोत व्यवस्थापन गर्न डि.पि.आर. आवश्यक हुने हुँदा प्रत्येक वडाले १/१ वटा योजना वा कार्यक्रम सम्बन्धित वडा समितिबाट निर्णय गरि प्राप्त भएको योजना/कार्यक्रमको डि.पि.आर. तयार गर्ने र उक्त कार्यका लागी परामर्शदाताबाट आर्थिक प्रस्ताव प्राप्त भएपछि आवश्यक हुने बजेट आगामी कार्यपालिका बैठकबाट विनियोजन गर्ने । |
| ४. | फोहोर मैला व्यवस्थापनको लागी जग्गा भाडामा लिने सम्बन्धमा । | | • मिति २०७५/१०/३ गतेको ६४ औं नगर कार्यपालिका बैठकमा भएको "फोहोर मैला व्यवस्थापनका लागि ल्यान्ड फिल्ड साईड भाडामा लिन दक्षिणकाली न.पा. वडा नं ९ स्थित बालकृष्ण रञ्जित र श्रीकृष्ण रञ्जित गरी २ जनाको नाममा रहेको साविक वडा नं १(ग) कि.नं. ८०,८१ र ८२ क्षेत्रफल ७-११-२-० पुरै जग्गा र घर टहरा उपयुक्त देखिएको र जग्गाधनी समेत जग्गा भाडामा दिन मञ्जुर भएको हुँदा वार्षिक रु. २,००,००० (दुई लाख) का दरले दश वर्षका लागि उक्त जग्गा भाडामा लिई फोहोर मैला व्यवस्थापन कार्यलाई व्यवस्थित गर्ने" |

<table>
<tr><td></td><td></td><td></td><td>भन्ने भएको निर्णय भएकोमा उक्त जग्गाधनीहरुले वार्षिक २ लाखमा सम्झौता गर्न राजि नभएको हुँदा उक्त स्थानमा सरसफाई केन्द्र स्थापना गर्न नसकिएको हुँदा यसै नगरपालिकाको वडा नं १ स्थित केशर बहादुर तामाङको नाममा रहेको साविक वडा नं ६(ख) कि.नं. ७१ क्षेत्रफल ३-१४-१-० जग्गा भाडामा दिन मञ्जुर भएको हुँदा वार्षिक रु. १५००००।- (एक लाख पचास हजार) का दरले पाँच वर्षका लागि उक्त जग्गा भाडामा लिई फोहोर मैला व्यवस्थापन कार्यलाई व्यवस्थित गरी सरसफाई केन्द्रको रुपमा संचालन गर्ने ।</td></tr>
<tr><td>५.</td><td>कार्यक्रम संशोधन सम्बन्धमा ।</td><td></td><td>

- चालु आ.ब. को बजेट शीर्षक (८०३३५४०७१०२) नगरस्तरीय बजेट क्र.सं. १४ शिक्षा कार्यक्रम तर्फको विनियोजित बजेट देहायका शिर्षकहरुमा निम्न अनुसार बजेट बाडफाँड गरिएको

<table>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td>CC Camera (माध्यमिक विद्यालय प्रयोजनको लागि)</td><td>२००००००</td><td></td></tr>
<tr><td>२</td><td>e-Attendance (विद्यालय प्रयोजनको लागि)</td><td>५०००००</td><td></td></tr>
<tr><td>३</td><td>शैक्षिक क्यालेण्डर छपाइ, ढुवानी तथा वितरण</td><td>७००००</td><td></td></tr>
<tr><td>४</td><td>शैक्षिक कार्यक्रम सञ्चालन<br>(अन्तर नगरपालिका स्तरीय विद्यार्थी मूल्यांकन तथा कार्यपालिका पदाधिकारी, विव्यसका अध्यक्ष एवं प्रअ सहितको एक दिने कार्याशाला संचालन)</td><td>२१८०५०</td><td></td></tr>
<tr><td>५</td><td>कक्षा ८ परिक्षा संचालन खर्च (अनुमोदन)</td><td>२११९५०</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>३००००००</td><td></td></tr>
</table>

- चालु आ.ब. को बजेट शीर्षक (८०३३५४०७१०१) नगरस्तरीय बजेट क्र.सं. ४५ मा शैक्षिक संस्थाहरुलाई आर्थिक सहायता कार्यक्रमबाट कक्षा ८ परिक्षा संचालन खर्चका लागी नपुग रकम रु. ५ लाख भुक्तानी (अनुमोदन) दिने ।
- मिति २०७५/१०/३ को ६४ औं कार्पालिका बैठकबाट युवा स्वरोजगार कार्यक्रम शीर्षकमा विनियोजित रकम रु. २० लाख मध्ये निर्णय नं ४ क्र.सं ३ को पितलको भाडा बनाउने तालिमको रु. ५ लाखलाई संशोधन गरी यस नगरपालिका भित्रका युवाहरुका लागी स्वरोजगार हुन लोकसेवा तयारी कक्षा संचालन गर्न रु ५ लाख विनियोजन गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो साथै सोही मितिको निर्णयानुसार निर्णय नं ४ क्र.सं. ८ मा स्वीकृत भएको हाते कागज उद्योगका लागी विनियोजन भएको रकम रु ६ लाख ३५ हजार लाई संशोधन गरी

</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | | सहकारी संस्थाका पदाधिकारीहरुका लागी लेखा व्यवस्थापन तथा क्षमता विकासका लागी रु. ३ लाख ३५ हजार र यस नगरपालिका क्षेत्र भित्रका महिला उपभोक्ता समिति, संघ संस्था तथा समुहहरुलाई प्रस्तावना तथा प्रतिवेदन लेखन तालिम संचालन गर्न ३ लाख विनियोजन गरि कार्यक्रम संचालन गर्ने ।<br>• मिति २०७५/८/२५ को ६३ औं कार्पालिका बैठकबाट कृषि विकास कार्यक्रम शीर्षकमा विनियोजित रकम रु. २५ लाख मध्ये निर्णय नं ८ क्र.सं ११ को अनुगमन मुल्याङ्कन तथा समिक्षा कार्यक्रम शीर्षकमा विनियोजन भएको रु. १ लाखलाई कृषि पकेट क्षेत्र (नास्पातीखेती, लप्सीखेती र फुलखेती) को प्रस्तावना तयार गर्न परामर्शदाता छनौट गरी कार्यक्रममा विनियोजन गर्ने गरी संशोधन गरियो । |
| ६. | विविध | | • बाँसबारी वृहत्त खानेपानी आयोजनाको लागी मिति २०७६/१/१२ गतेको ७२ औं कार्यपालिका बैठकबाट बाँसबारी वृहत्त खानेपानी आयोजनाको ल.ई. गरि आगामी बैठकबाट बजेट विनियोजन गर्ने निर्णय भएकोमा उक्त योजना प्राविधिक ल.ई. भई आउँदा रु. २६,००,०००।— भएको हुँदा उपयुक्त शीर्षकबाट रु. १६,००,०००।— विनियोजन गरी सम्झौता गर्ने निर्णय गरियो ।<br>• दक्षिणकाली नगरपालिका वडा नं ८ सिम्पानी पञ्चकन्या मन्दिर निर्माणको लागी रु ३ लाख उपयुक्त शीर्षकबाट विनियोजन गरि सम्झौता गर्ने निर्णय गरियो ।<br>• चालु आ.ब.को योजना संचालन गर्न यस नगरपालिकामा प्राविधिक अभावका कारणले योजना संचालन हुन समस्या भएको हुँदा २ जना सव-ईन्जिनियर असार मसान्तसम्मका लागी करारमा लिने निर्णय गरियो । |